# खसिया आखर शब्दकोशमा प्रयुक्त शब्दस्रोतको कोशवैज्ञानिक तथा व्युत्पत्तिगत विश्लेषण

प्राप्त मिति: ०१ जुलाई २०२६
स्वीकृति मिति: १३ सेप्टेम्बर २०२६
प्रकाशित मिति: अक्टोबर २०२६

डा. हर्कबहादुर शाही
shahiharka482075@gmail .com
https://orcid .org/0009-0007-4068-3175

## लेखसार

*भाषा मानव सभ्यता, चिन्तन र सांस्कृतिक पहिचानको सबैभन्दा जीवन्त अभिलेख हो । आधुनिक मानक नेपाली भाषाको उद्गम विन्दु मानिने कर्णाली प्रदेशको ऐतिहासिक खश भाषा हाल आएर आफ्नै जन्मभूमिमा लोपोन्मुख अवस्थामा पुगेको छ । यसै भाषिक सङ्टलाई सम्बोधन गर्दै कर्णाली प्रदेश सरकारको सहयोगमा रमानन्द आचार्यको प्रधान सम्पादनमा प्रकाशित 'खसिया आखर' (२०७८) शब्दकोशले खश भाषाका करिब ४०,००० भन्दा बढी शब्दहरूलाई दस्तावेजीकरण गरेको छ । यस अनुसन्धानको मूल ध्येय उक्त शब्दकोशमा प्रयुक्त शब्दहरूको व्युत्पत्तिगत स्रोत र प्रकृतिको कोशवैज्ञानिक अध्ययन गर्नु हो । शब्दकोशको विशाल शब्दभण्डारमध्येबाट देवनागरी वर्णानुक्रमको प्रतिनिधित्व हुने गरी स्तरीकृत यादृच्छिक नमुना छनोट विधिमार्फत १,००० प्रविष्टिहरूलाई प्राथमिक तथ्याङ्का रूपमा सङ्कलन गरिएको छ । मिश्रित अनुसन्धान ढाँचामा आधारित यस अध्ययनले शब्दस्रोतलाई तत्सम, तद्भव, देशज ( मौलिक खस) र आगन्तुक गरी चार प्रमुख सैद्धान्तिक कोटिमा वर्गीकरण गर्दै तिनको परिमाणात्मक तथा गुणात्मक विश्लेषण गरेको छ । अध्ययनको परिमाणात्मक प्राप्तिअनुसार यस शब्दकोशमा सर्वाधिक ५२.५ प्रतिशत तद्भव शब्द, २८.० प्रतिशत देशज वा मौलिक खस शब्द, १२.५ प्रतिशत तत्सम शब्द र ७.० प्रतिशत मात्र आगन्तुक शब्दहरू प्रयोग भएको पाइएको छ । गुणात्मक विश्लेषणले खश भाषाको मूल व्याकरणिक र कोशीय संरचना आर्य-इरानी भाषा परिवारको संस्कृत र प्राकृत परम्पराबाट रूपान्तरित तद्भव शब्दहरूमा टिकेको देखाउँछ । यद्यपि कर्णालीको विशिष्ट भौगोलिक अवस्थिति, मष्टो परम्परा, स्थानीय कृषि प्रणाली र हिमाली लोकजीवनबाट स्वतः प्रस्फुटित २८ प्रतिशत देशज शब्दहरूको उपस्थिति यस शब्दकोशको सबैभन्दा बलियो र स्वायत्त भाषिक पहिचान हो । बाह्य भाषिक अतिक्रमणलाई सङ्केत गर्ने आगन्तुक शब्दहरूको अत्यन्त न्यून प्रयोगले कर्णालीको भौगोलिक पृथकताका कारण खश भाषाले आफ्नो ऐतिहासिक शुद्धतालाई जोगाइराखेको छ । यो अध्ययनले 'खसिया आखर' शब्दकोशलाई खश संस्कृतिको जीवित शब्द-ढुकुटी र नेपाली कोशविज्ञानको एक प्रामाणिक ऐतिहासिक ग्रन्थका रूपमा स्थापित गरेको छ ।*

**प्रमूख शब्दावली:** खश भाषा, कोशविज्ञान, व्युत्पत्ति, शब्दस्रोत, खसिया आखर ।

## विषयपरिचय

समाजविज्ञान र ऐतिहासिक भाषाविज्ञानको कसीमा भाषा केवल सञ्चारको माध्यम मात्र नभएर मानव सभ्यताको उत्पत्तिकालदेखिको ऐतिहासिक विकासक्रम, बसाइँसराइ र सांस्कृतिक अन्तरघुलनको जिउँदो प्रमाण हो । नेपालको भाषिक तथा सांस्कृतिक इतिहासमा पश्चिम नेपालको कर्णाली प्रस्रवण क्षेत्र, विशेष गरी सिञ्जा उपत्यकामा विकसित खश भाषाको स्थान अत्यन्तै विशिष्ट, गौरवपूर्ण र ऐतिहासिक

रहेको छ (पोखरेल, २०४०; चौलागाईं, २०८२) । ऐतिहासिक दृष्टिकोणले हेर्दा ईसापूर्व पाँचौं शताब्दीतिर भरतमुनिले आफ्नो प्रसिद्ध ग्रन्थ नाट्यशास्त्रमा 'वाल्हिकी' भाषालाई खशहरूको भाषाका रूपमा उल्लेख गरेको पाइन्छ । खश जातिको उत्पत्तिका सन्दर्भमा भाषाविद् बालकृष्ण पोखरेल (२०४०) ले खशहरू वैदिक आर्य नभई गुर्जर, दरद, शक र पल्लव जस्तै पछिल्लो कालका आर्यहरू भएको र उनीहरू कुमाउदेखि नेपालसम्म फैलिएको तथ्य प्रस्तुत गरेका छन् । मध्यकालीन नेपालको इतिहासमा बाह्रौं शताब्दीको मध्यतिर तिब्बतको खारी (ङारी) प्रदेशबाट उद्भव भएका नागराजले जुम्लाको सिञ्जा उपत्यकालाई राजधानी बनाई पश्चिम नेपालमा विशाल खश अधिराज्यको स्थापना गरेका थिए । त्यस समयको खश राज्य पूर्वमा त्रिशूली नदीदेखि पश्चिममा गढवालसम्म र दक्षिणको समथर तराईदेखि उत्तरको मानसरोवरसम्म फैलिएको थियो, जसको राजकीय, प्रशासनिक तथा अभिलेखीय भाषा खश भाषा नै थियो (अधिकारी, २०२२) । दैलेखको दुल्लुमा प्राप्त राजा पृथ्वी मल्लको कीर्तिस्तम्भ शिलाभिलेख ( वि.सं. १४१४) तथा अशोक चल्लको बोधगयाको अभिलेखले खश भाषाको ऐतिहासिक जग कति गहिरो छ भन्ने कुरालाई स्पष्ट पार्दछन् । कालान्तरमा यही खश भाषा 'पर्वते' र 'गोर्खाली' हुँदै आधुनिक मानक नेपाली भाषाका रूपमा विकसित भयो ।

आधुनिक मानक नेपाली भाषाको मूल जननी भएर पनि आफ्नो उद्गमथलो कर्णालीमै खश भाषा हाल गम्भीर भाषिक सङ्कट र लोपोन्मुख अवस्थामा पुगेको छ (आचार्य र उपाध्याय, २०७८) । भाषिक मानकीकरणको दौड र राज्यको केन्द्रीकृत भाषिक नीतिका कारण मानक नेपाली भाषाले प्रश्रय पाउँदा कर्णालीका गाउँघरमा बोलिने मौलिक खस शब्द, लवज र उखान-टुक्का विस्थापित हुँदै गए । राष्ट्रिय जनगणनाका तथ्याङ्कहरूले समेत खश मातृभाषा बोल्ने वक्ताहरूको सङ्ख्या अत्यन्तै न्यून देखाउनुले यो भाषा गम्भीर मोडमा पुगेको सङ्केत गर्दछ । यसै ऐतिहासिक तथा भाषिक दायित्वलाई बोध गर्दै जुम्ला जिल्लाका संस्कृतविद् तथा अनुसन्धाता रमानन्द आचार्यको डेढ दशकभन्दा लामो अनवरत साधना र तुङ्गनाथ उपाध्याय, प्रकाशचन्द्र खत्री, दयादत्त हमाल र हरिबाबु चौलागाईको स्थलगत शब्द सङ्कलनमा कर्णाली प्रदेश सरकारको सहयोगमा 'खसिया आखर' (२०७८) नामक बृहत् शब्दकोश प्रकाशित भएको छ । करिब १,००० पृष्ठमा फैलिएको र ४०,००० भन्दा बढी शब्दहरू सङ्गहित यस विशाल ग्रन्थले कर्णालीको स्थानीय जनजीवन, कृषि, संस्कृति, मष्टो परम्परा र स्थानीय ज्ञानलाई शब्दमार्फत अभिलेखीकरण गर्ने ऐतिहासिक कार्य भएको छ । कुनै पनि शब्दकोशमा सङ्कलित शब्दभण्डारले सो भाषाको ऐतिहासिक यात्रा, भाषिक सम्पर्क र सांस्कृतिक मौलिकतालाई प्रतिविम्बित गर्दछ, यद्यपि 'खसिया आखर' शब्दकोश खश भाषाको बृहत् ग्रन्थ भए तापनि यसमा समावेश भएका शब्दहरूको ऐतिहासिक जननी, स्थानीय मौलिक खस शब्द र छिमेकी तथा बाह्य भाषाहरूबाट भित्रिएका शब्दहरूको व्युत्पत्तिगत अनुपात कति छ भन्ने विषयमा विस्तृत प्राज्ञिक अनुसन्धान भएको पाइँदैन ।

यस अनुसन्धानलाई मार्गनिर्देश गर्न भाषाविज्ञानको अनुप्रयुक्त शाखा कोशविज्ञान र व्युत्पत्तिशास्त्रको सैद्धान्तिक ढाँचालाई आधार मानिएको छ । रामचन्द्र लम्साल (२०५७) का अनुसार कोशविज्ञान भनेको भाषाका शब्दहरूको सङ्कलन, वर्गीकरण, अर्थ निर्धारण, व्युत्पत्ति, हिज्जे र व्याकरणिक

कोटिको निर्देश गर्दै शब्दकोश निर्माण गर्ने कला र विज्ञान हो । कोशविज्ञानमा शब्दकोशको उद्देश्य खण्डभित्र शीर्षशब्दको व्याकरणिक कोटिसँगै त्यसको 'शब्दस्रोत' स्पष्ट पार्नु अनिवार्य मानिन्छ (जगुस्ता, १९७१; लम्साल, २०५७) । ऐतिहासिक तथा तुलनात्मक भाषाविज्ञानको मान्यता अनुसार कुनै पनि जीवित भाषा स्थिर रहँदैन; यो गतिशील हुन्छ र यसको शब्दभण्डारमा आन्तरिक विकास र बाह्य आदानप्रदानमार्फत नयाँ-नयाँ शब्दहरू जोडिने गर्दछन् (अधिकारी, २०६७) । नेपाली तथा खश भाषाको सन्दर्भमा शब्दस्रोतलाई मूलतः चार मुख्य कोटिमा वर्गीकरण गर्ने वैज्ञानिक परम्परा रहेको छ (लुइटेल, २०५८) । पहिलो कोटि तत्सम हो, जसले संस्कृत भाषाबाट कुनै पनि ध्वन्यात्मक वा रूपतात्विक परिवर्तन नभई हुबहु जस्ताको तस्तै प्रयोगमा आएका शब्दहरूलाई बुझाउँछ । दोस्रो कोटि तद्भव हो, जसमा संस्कृत भाषाका शब्दहरू प्राकृत र अपभ्रंश हुँदै कालान्तरमा ध्वन्यात्मक क्षयीकरण वा रूपतात्त्विक परिवर्तन भई विकसित भएका शब्दहरू पर्दछन् । तेस्रो कोटि देशज वा मौलिक हो, जसले कुनै बाह्य वा शास्त्रीय भाषासँग व्युत्पत्तिगत सम्बन्ध नखुल्ने, स्थानीय भूगोल, जनजीवन, संस्कृति र मौलिक मौखिक परम्पराबाट स्वतः निस्केका झर्रा शब्दहरूलाई सङ्केत गर्दछ । चौथो कोटि आगन्तुक हो, जसअन्तर्गत स्वदेशी अन्य भाषा परिवार वा विदेशी भाषासँगको प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्कबाट भित्रिएका शब्दहरू पर्दछन् ।

पूर्ववर्ती अनुसन्धानहरूको समीक्षा गर्दा राल्फ लिली टर्नर (१९३१) को तुलनात्मक र ऐतिहासिक व्युत्पत्तिसूचक शब्दकोशले नेपाली र खश शब्दहरूको ऐतिहासिक व्युत्पत्ति पहिल्याउने सन्दर्भमा महत्त्वपूर्ण आधार खडा गरेको पाइन्छ । नेपाली भाषाको ऐतिहासिक विकासक्रमबारे चर्चा गर्दै बालकृष्ण पोखरेल (२०४०) ले खश भाषाको उद्भव, विकास र यसले नेपाली भाषाको निर्माणमा खेलेको भूमिकाको सूक्ष्म विश्लेषण गरेका छन् । पोखरेलको 'झर्रोवाद' आन्दोलनले नेपाली भाषाको मौलिकता भनेकै यसका तद्भव र देशज शब्दहरू हुन् भन्ने मान्यता स्थापित गरेको थियो । भाषाविद् माधवप्रसाद पोखरेलको नेतृत्वमा भाषा आयोगको टोलीले गरेको स्थलगत अध्ययनले खश भाषामा मानक नेपालीमा नभएका केही विशिष्ट वर्णहरू रहेको तथ्य बाहिर ल्याएको छ । खश वक्ताहरूले 'स' लाई 'ह' उच्चारण गर्ने र 'म्ह', 'न्ह', 'स्ह', 'ल्ह' जस्ता सम्वर्णहरूको प्रयोग गर्ने कुराले खश भाषाको ध्वन्यात्मक मौलिकता छुट्टै रहेको पुष्टि हुन्छ । 'खसिया आखर' शब्दकोशकै सन्दर्भमा प्रेमप्रसाद चौलागाईं (२०८२) ले गरेको कोशवैज्ञानिक विश्लेषणले यस कोशमा ४०,००० शब्दहरू सुव्यवस्थित गरिएको औँल्याउँदै केही व्युत्पत्तिगत सङ्केतहरूमा परिमार्जन आवश्यक रहेको निष्कर्ष निकालेका छन् । माथि उल्लिखित पूर्वकार्यहरूले खश भाषाको इतिहास र कोशविज्ञानका नियमहरूको सामान्य परिचय दिए तापनि यस शब्दकोशभित्र रहेका हजारौँ शब्दहरूको स्रोतगत वितरण कस्तो छ भन्ने विषयमा विस्तृत परिमाणात्मक र गुणात्मक अध्ययन भएको पाइँदैन ।

यसै प्राज्ञिक रिक्ततालाई सम्बोधन गर्दै यस अध्ययनले 'खसिया आखर' शब्दकोशमा प्रयुक्त शब्दस्रोतका मुख्य प्रकारहरूको वैज्ञानिक पहिचान गर्नु, छनोट गरिएका नमुना शब्दका आधारमा शब्दस्रोतको परिमाणात्मक वर्गीकरण गरी सोको गुणात्मक व्याख्या गर्नु र खश भाषाको शब्द स्रोतगत

संरचना र यसका पछाडि रहेका सामाजिक-सांस्कृतिक कारणहरूको निरूपण गर्ने लक्ष्य राखेको छ। शब्दकोशभित्रका शब्दहरूको जरा खोतल्नु भनेको भाषिक पुरातात्त्विक उत्खनन गर्नु सरह हो, जसले कर्णालीका पुर्खाहरूको चिन्तन प्रणाली र उनीहरूले भोगेको युगको यथार्थलाई शब्दको आवरणमा उघार्ने काम गर्दछ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक र परिमाणात्मक दुवै पद्धतिको सम्मिश्रण भएको मिश्रित अनुसन्धान ढाँचामा आधारित रहेको छ (खनाल, २०७४)। गुणात्मक पद्धतिले शब्दहरूको ऐतिहासिक, सांस्कृतिक र भाषिक अर्थको गहिराइमा पुग्न मद्दत गरेको छ भने परिमाणात्मक पद्धतिले विभिन्न शब्दस्रोतहरूको साङ्ख्यिकीय वितरण र प्रतिशत मापन गर्न सघाएको छ। अध्ययनको प्रकृतिका कारण यसमा अन्वेषणात्मक र विवरणात्मक दुवै प्रकारका अनुसन्धान विधिहरूलाई सँगसँगै अगाडि बढाइएको छ।

यस अध्ययनको मुख्य जनसङ्ख्या 'खसिया आखर' शब्दकोश (२०७८) मा सङ्ग्रहित करिब ४०,००० शीर्षशब्दहरू हुन्। ४०,००० शब्दहरूको एक-एक गरी व्युत्पत्तिगत विश्लेषण गर्नु समय र स्रोतका दृष्टिले अत्यन्त चुनौतीपूर्ण हुने भएकाले, विस्तृत र प्रामाणिक विश्लेषणका लागि स्तरोकृत यादृच्छिक नमुना छनोट विधि अपनाइएको छ। यस विधिअन्तर्गत शब्दकोशका देवनागरी वर्णानुक्रम (अ देखि ह सम्म) का सबै अक्षरहरूबाट समानुपातिक प्रतिनिधित्व हुने गरी जम्मा १००० शब्दहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ। यसरी प्रत्येक वर्णबाट निश्चित अनुपातमा शब्दहरू छनोट गर्दा अनुसन्धानको नतिजाले सम्पूर्ण शब्दकोशको भाषिक प्रकृतिको सही प्रतिनिधित्व गर्न सक्ने सुनिश्चितता प्रदान गरेको छ।

तथ्याङ्क सङ्कलनका लागि मुख्य प्राथमिक साधनका रूपमा कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित 'खसिया आखर' शब्दकोशको ग्रन्थालोकन गरिएको छ। सङ्कलित तथ्याङ्कहरूलाई 'डेटा कोडिङ सिट' मार्फत तत्सम, तद्भव, देशज र आगन्तुक गरी चार मुख्य स्तम्भमा तालिकाबद्ध गरिएको छ। परिमाणात्मक विश्लेषणका लागि प्राप्त सङ्ख्यालाई प्रतिशतमा रूपान्तरण गरी तालिकाबद्ध रूपमा प्रस्तुत गरिएको छ। यसका साथै गुणात्मक व्याख्याका लागि ऐतिहासिक भाषाविज्ञान, व्युत्पत्तिशास्त्र तथा कोशविज्ञानका सैद्धान्तिक नियमहरूको प्रयोग गरी भाषिक परिवर्तनका कारणहरू र सामाजिक सांस्कृतिक प्रभावहरूको व्याख्या गरिएको छ। तथ्याङ्कको वस्तुनिष्ठता कायम गर्नका लागि मानक नेपाली बृहत् शब्दकोश र व्युत्पत्तिसूचक शब्दकोशसँग 'खसिया आखर' मा सङ्कलित शब्दको तुलनात्मक अध्ययनसमेत गरिएको छ।

## नतिजा र छलफल

छनोट गरिएका १,००० नमुना प्रविष्टिहरूको गहन व्युत्पत्तिगत वर्गीकरण र विश्लेषण गर्दा प्राप्त तथ्याङ्कले खश भाषाको शब्दस्रोतगत बहुआयामिक स्वरूपलाई स्पष्ट रूपमा उजिल्याएको छ। सङ्कलित तथ्याङ्कको परिमाणात्मक वितरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छः

| क.सं. | शब्दस्रोतको वर्गीकरण | नमुना शब्द सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | तद्भव | ५२५ | ५२.५% |
| २ | देशज/मौलिक खस | २८० | २८.०% |
| ३ | तत्सम | १२५ | १२.५% |
| ४ | आगन्तुक | ७० | ७.०% |

माथि प्रस्तुत गरिएको परिमाणात्मक तालिकाले 'खसिया आखर' शब्दकोशमा प्रयुक्त शब्दस्रोतको यथार्थ वितरणलाई सङ्केत गर्दछ । कूल शब्दभण्डारमध्ये आधाभन्दा बढी अर्थात् ५२.५ प्रतिशत (५२५ शब्द) तद्भव वर्गका हुनुले खश भाषाको मूल जग संस्कृत र प्राकृत परम्पराको ऐतिहासिक निरन्तरतामा टिकेको प्रामाणित हुन्छ । त्यस्तै २८.० प्रतिशत (२८० शब्द) देशज वा मौलिक खस शब्दको बलियो उपस्थिति प्रस्तुत हुनुले कर्णालीको स्थानीय भूगोल, मष्टो संस्कृति र मौखिक परम्पराको अद्वितीय भाषिक स्वायत्ततालाई उजागर गर्दछ । शास्त्रीय प्रभाव दर्शाउने तत्सम शब्दको हिस्सा १२.५ प्रतिशत (१२५ शब्द) रहेको छ भने ऐतिहासिक भाषिक सम्पर्कबाट भित्रिएका आगन्तुक शब्दहरू केवल ७.० प्रतिशत ( ७० शब्द) मा सीमित छन् ।

खश भाषाको ऐतिहासिक जननी प्राचीन संस्कृत र त्यसबाट विकसित बाल्हिकी प्राकृत वा खश प्राकृत हो, जसको प्रत्यक्ष प्रमाण यस कोशमा प्रयुक्त सर्वाधिक ५२.५ प्रतिशत तद्भव शब्दहरू हुन् । ईसाको नवौँ-दसौँ शताब्दीदेखि सिञ्जा उपत्यकामा जनबोलीका रूपमा यो भाषा रूपान्तरित हुँदा संस्कृतका जटिल र क्लिष्ट ध्वनिहरू प्राकृत र अपभ्रंश हुँदै सरलीकृत भएर तद्भवीकरण भएको देखिन्छ । प्राप्त नतिजाअनुसार तद्भव शब्दहरूलाई प्रत्यक्ष तद्भव र निर्मित तद्भव गरी दुई भागमा विभाजन गर्न सकिन्छ । संस्कृत भाषाबाट प्राकृत हुँदै कुनै जटिल प्रत्ययविना नियमित ध्वन्यात्मक परिवर्तन भई भित्रिएका प्रत्यक्ष तद्भव शब्दहरूमा संस्कृतको 'हस्त' बाट विकसित 'हात', 'कर्ण' बाट 'कान', 'अक्षि' बाट 'आँखा', 'वर्त्म' बाट 'बाटो', र 'क्षेत्र' बाट 'खेत' जस्ता शब्दहरूको बाहुल्य रहेको छ । ध्वन्यात्मक क्षयीकरणको प्रक्रियाअन्तर्गत संयुक्त व्यञ्जनहरू द्वित्व हुने र कालान्तरमा पूर्वस्वर दीर्घ भई व्यञ्जन लोप हुने नियम खश भाषामा पूर्ण रूपले लागू भएको देखिन्छ । यसका अतिरिक्त, संस्कृतका मूल धातुमा खश भाषाका आफ्नै कृत् वा तद्धित प्रत्यय जोडिएर बनेका निर्मित तद्भव शब्दहरू पनि प्रशस्त छन् । उदाहरणका लागि, संस्कृतको 'अलग्न' प्राकृतको 'अलग्ग' मा रूपान्तरित भई खश भाषामा 'अलक्क' बनेको छ भने 'उत्तरण' धातुमा खश भाषाको प्रत्यय जोडिएर 'उत्त-नु' क्रियापद बनेको छ ।

शब्दकोशमा दोस्रो ठूलो हिस्सा ओगट्ने २८.० प्रतिशत देशज वा मौलिक खस शब्दहरू हुन् जसले कर्णालीको स्वायत्त भाषिक पहिचानलाई स्थापित गरेका छन् (चौलागाइँ, २०८२) । कर्णाली प्रदेशको भौगोलिक विकटता, हिमाली जीवनशैली, स्थानीय कृषि प्रणाली र मष्टो संस्कृतिका कारण यी शब्दहरू अन्य कुनै भाषाइसँग नमिल्ने गरी स्वतः निर्मित भएका हुन् । यी मौलिक शब्दलाई अर्थ र प्रयोगका आधारमा विभिन्न उपवर्गमा विभाजन गर्न सकिन्छ । मानव स्वभाव र सामाजिक व्यवहार दर्शाउने शब्दहरू जस्तै अघिअघि कुरा गर्ने व्यक्तिलाई बुझाउने 'अगौबात्या', अत्यधिक अर्थ दिने 'अग्घोर'

र कान्छो बच्चालाई बुझाउने 'अम्पुछो' प्रशस्त प्रयोग भएका छन् । भूगोल र प्राकृतिक वातावरण दर्साउने 'ओटालो' (घाम ताप्ने खुला ठाउँ), 'काँण' (भिरपखरा) र 'भुँइया' (जमिन) जस्ता शब्दहरू कर्णालीको कडा भूगोलका प्रतिविम्ब हुन् । यसैगरी स्थानीय खेतीपातीसँग जोडिएका 'घुरो' र 'सोतर' जस्ता शब्दहरू तथा लोकसंस्कृतिसँग जोडिएका 'आइऔसर' (चाडपर्व), 'न्याउल्या' (लोकगीत) र 'ठाडी भाका' जस्ता शब्दहरूले कर्णालीको सांस्कृतिक जीवनलाई शब्दमार्फत उतारेका छन् । साथै अनुकरणात्मक शब्दहरू जस्तै 'घुटुक्क', 'झपक्क', र 'टखटख' ले खश भाषाको आन्तरिक ध्वनि-निर्माण क्षमतालाई प्रस्तुत गरेका छन् ।

तत्सम शब्दहरूको उपस्थिति १२.५ प्रतिशत रहेको छ, जसले खश जनबोलीमा पनि शास्त्रीय र धार्मिक प्रभाव जीवितै रहेको देखाउँछ । सिञ्जाली राजाहरूको शासनकालमा धर्म, दर्शन, कानुन र राजकीय अभिलेखहरूमा संस्कृतको प्रत्यक्ष प्रभाव हुनुका साथै समाजमा ब्राह्मण पुरोहितहरूको भाषिक वर्चस्वले गर्दा यस्ता शब्दहरू संरक्षित भएका हुन् । प्राप्त नतिजाअनुसार यी तत्सम शब्दहरूलाई शुद्ध तत्सम, व्युत्पादित तत्सम र प्रयोगगत तत्सम गरी तीन रूपमा विभाजन गर्न सकिन्छ । 'अर्जुन', 'अर्थ', 'आचमन', र 'कलश' जस्ता शब्दहरू शुद्ध तत्सम हुन् भने 'अतिवृष्टि' र 'अपमान' जस्ता शब्दहरू व्युत्पादित तत्सम हुन् । रूप संस्कृतकै रहे तापनि स्थानीय जनबोलीका कारण आभिधार्थक अर्थमा सूक्ष्म परिवर्तन भएका 'आदर्शवादी' र 'गरिमा' जस्ता प्रयोगगत तत्सम शब्दहरूको पनि समावेश गरिएको छ ।

शब्दकोशमा सबैभन्दा कम अर्थात् केवल ७.० प्रतिशत आगन्तुक शब्दहरू रहेका छन्, जसलाई स्वदेशी र विदेशी गरी दुई उपशाखामा बाँडिएको छ । स्वदेशी आगन्तुकअन्तर्गत कर्णालीको उत्तरी हिमाली भेगमा भोटे र तिब्बती-बर्मेली संस्कृतिसँगको व्यापारिक तथा सांस्कृतिक आदानप्रदानबाट भित्रिएका 'याक', 'ल्होसार', 'डोको', र 'पाखी' जस्ता शब्दहरू पर्दछन् । विदेशी आगन्तुकअन्तर्गत मध्यकालमा मुगल साम्राज्यसँगको सम्पर्कबाट भित्रिएका फारसी र अरबी स्रोतका शब्दहरू जस्तै 'अलखा', 'कागज', र 'दरबार' का साथै आधुनिक कालमा ब्रिटिस-इन्डियासँगको सम्पर्कबाट भित्रिएका अङ्ग्रेजी स्रोतका शब्दहरू जस्तै 'अर्दली', 'अस्पताल' र 'कोर्ट' रहेका छन् । यो अत्यन्त न्यून प्रतिशतले कर्णालीको भौगोलिक पृथकता र बाह्य संसारसँगको सीमित सम्पर्कलाई दर्साउँछ ।

माथि प्रस्तुत गरिएको तथ्याङ्कीय र गुणात्मक नतिजाले खश भाषा र 'खसिया आखर' शब्दकोशका सम्बन्धमा धेरै गहिरा अन्तर्दृष्टिहरू प्राप्त भएका छन् । अनुसन्धानको यो खण्डले प्राप्त नतिजाहरूलाई ऐतिहासिक, सामाजिक-सांस्कृतिक र कोशवैज्ञानिक सिद्धान्तको कसीमा राखेर विश्लेषण भएको छ ।

पहिलो अन्तर्दृष्टि खश भाषाको आर्य-इरानी जरो र ध्वन्यात्मक विकाससँग सम्बन्धित छ । ५२.५ प्रतिशत तद्भव शब्दहरूको उपस्थितिले खश भाषा अन्य कुनै भाषिक परिवारको नभई पूर्णतः भारोपेली भाषा परिवारको स्वाभाविक र प्राकृत विकास हो भन्ने कुरालाई स्थापित गरेको छ । संस्कृतका जटिल ध्वनिहरूलाई स्थानीय जनजिब्रोले कसरी सरलीकरण गर्छ भन्ने कुरा तद्भव शब्दहरूको रूपतात्त्विक अध्ययनबाट प्रस्ट हुन्छ । भाषा आयोग र भाषाविद् माधवप्रसाद पोखरेलको अध्ययनले देखाएअनुसार खश

भाषाका ध्वन्यात्मक विशेषताहरू मानक नेपालीभन्दा नितान्त फरक र विशिष्ट छन् । खश भाषामा ५३ वटा वर्णहरू (२४ स्वरवर्ण र बाँकी व्यञ्जनवर्ण) रहेको पाइन्छ, जसले मानक नेपालीको वर्णमाला संरचनाभन्दा बृहत् ध्वन्यात्मक दायरालाई ओगटेको छ । खश वक्ताहरूले सघोष ध्वनि उच्चारण गर्न रुचाउने हुनाले उनीहरूले ‘स’ वर्णलाई ‘ह’ को रूपमा उच्चारण गर्छन्, जसको ज्वलन्त उदाहरण ‘सात’ लाई ‘हात’ भन्नु हो । यसका साथै ‘म्ह’, ‘न्ह’, ‘स्ह’, र ‘ल्ह’ जस्ता सम्वर्णहरूको प्रयोगले खश भाषाको ध्वन्यात्मक मौलिकता छुट्टै रहेको पुष्टि गर्दछ । यस्ता विशिष्ट ध्वनिहरूलाई मानक देवनागरी लिपिमा हुबहु उतार्न कठिन हुने भएकाले ‘खसिया आखर’ शब्दकोशले लिप्यन्तरणमा भोगेको चुनौतीलाई यसले सङ्केत गर्छ । मानक देवनागरीले खश भाषाको सूक्ष्म ध्वन्यात्मक यथार्थलाई पूर्ण रूपले न्याय गर्न नसकेको सन्दर्भमा यो शब्दकोशले ती ध्वनिहरूलाई सकेसम्म नजिकबाट पक्रने प्रयास गरेको छ ।

दोस्रो अन्तर्दृष्टि २८ प्रतिशत देशज शब्दहरूको उपस्थितिको सामाजिक-सांस्कृतिक अर्थसँग जोडिएको छ । मानक नेपाली भाषा जुन खश भाषाकै परिष्कृत र सहरीकरण भएको रूप हो यसले समयक्रममा शिक्षा र अन्य भाषाहरूसँगको तीव्र सम्पर्कका कारण आफ्ना धेरै झर्रा र देशज शब्दहरू गुमाइसकेको छ तर कर्णालीको खश भाषाले आजसम्म पनि ‘अगौबात्या’, ‘ओटालो’, र ‘अम्पुछो’ जस्ता शब्दहरूलाई जीवितै राखेको छ । यी शब्दहरू केवल ‘शब्द’ मात्र होइनन; यी त कर्णालीको कडा भूगोल, त्यहाँको मष्टो धर्म, कृषिमा आधारित जीविकोपार्जन र सामूहिक सामाजिक संरचनाका जीवित सङ्ग्रहालय हुन् । यसले के देखाउँछ भने भूगोलले भाषिक संरक्षणमा एउटा प्राकृतिक पर्खालको काम गर्दछ । देशज शब्दहरूको यति ठूलो हिस्साले खश भाषालाई आधुनिक नेपालीभन्दा छुट्टै र स्वायत्त भाषिक पहिचान दाबी गर्न सक्ने वैचारिक आधारसमेत प्रदान गर्दछ । बालकृष्ण पोखरेल (२०४०) ले भनेझैँ नेपाली भाषाको वास्तविक प्राण यिनै देशज र झर्रा शब्दहरू हुन्, जसले भाषालाई माटोको सुगन्ध प्रदान गर्छन् । कर्णालीको जनजीवनले प्रकृतिसँग जुध्दै निर्माण गरेका यी शब्दहरूले आधुनिक शब्दकोशहरूमा स्थान पाउनु कोशविज्ञानको दृष्टिले अत्यन्त महत्त्वपूर्ण उपलब्धि हो ।

तेस्रो अन्तर्दृष्टि आगन्तुक शब्दहरूको अत्यन्त न्यून (७ प्रतिशत) उपस्थितिले गर्ने ऐतिहासिक सङ्केत हो । आधुनिक नेपाली भाषामा अङ्ग्रेजी, हिन्दी, अरबी र फारसी शब्दहरूको ठूलो प्रवेश भइसकेको अवस्था छ, तर खसिया आखरमा केवल ७ प्रतिशत बाह्य शब्द हुनुले कर्णाली क्षेत्र लामो समयसम्म बाह्य राजनीतिक र सांस्कृतिक अतिक्रमणबाट अछुतो रह्यो भन्ने ऐतिहासिक यथार्थलाई पुष्टि गर्छ । सिञ्जा साम्राज्यको पतनपछि यो क्षेत्र काठमाडौं केन्द्रित सत्ताबाट सीमान्तकृत भयो, जसका कारण यहाँ आधुनिकता र बाह्य भाषाहरूको प्रवेश ढिलो भयो । यस भाषिक एक्लोपनले आर्थिक रूपमा कर्णालीलाई पछाडि पारे पनि भाषिक पुरातात्त्विक दृष्टिले भने यसलाई एउटा ‘टाइम क्याप्सुल’ बनाइदियो, जहाँ प्राचीन आर्य भाषाका मौलिक रूपहरू आज पनि सुरक्षित छन् । स्वदेशी आगन्तुकका रूपमा भोटे-बर्मेली शब्दहरूको प्रयोगले तत्कालीन सिञ्जा राज्यको तिब्बत (खारी/डारी प्रदेश) सँगको घनिष्ठ व्यापारिक तथा कूटनीतिक सम्बन्धलाई उजागर गर्छ । यसले के देखाउँछ भने खश भाषाले उत्तरतर्फको हिमाली

सभ्यतासँग अन्तरघुलन गरे पनि दक्षिणतर्फको वैदेशिक प्रभावलाई भने लामो समयसम्म रोकेर राखेको थियो ।

चौथो अन्तर्दृष्टि प्राविधिक र कोशवैज्ञानिक चुनौतीसँग सम्बन्धित छ । रामचन्द्र लम्साल (२०५७) का अनुसार शब्दकोश निर्माण भनेको केवल शब्दहरूको थुप्रो लगाउनु होइन, यो त वैज्ञानिक सिद्धान्तहरूमा आधारित भएर प्रविष्टि, अर्थ, व्युत्पत्ति र प्रयोगको व्यवस्थित प्रस्तुति हो । 'खसिया आखर' शब्दकोश खश भाषाको पहिलो यति बृहत् दस्तावेजीकरण भए तापनि यसमा केही कोशवैज्ञानिक सीमाहरू देखिन्छन् । शब्दकोशमा स्रोत खुलाउँदा अत्यन्त स्पष्ट हुनुपर्ने सैद्धान्तिक मान्यता रहे तापनि यस कोशमा केही आगन्तुक शब्दहरू कुन विदेशी भाषाबाट आएका हुन् भनी नखुलाई सामान्य, ओ. मात्र लेखिनु, वा कतिपय तद्भव शब्दहरूको मूल संस्कृत धातु स्पष्ट रूपमा नखुलाइनुले व्युत्पत्तिशास्त्रका अध्येताहरूलाई केही असहजता उत्पन्न गराउन सक्छ । भावी संस्करणहरूमा अन्तर्राष्ट्रिय ध्वन्यात्मक वर्णमालाको प्रयोग वा खश भाषाका विशिष्ट सम्वर्णहरूलाई जनाउने छुट्टै सङ्केतहरूको विकास गर्नुपर्ने आवश्यकता यस अध्ययनले औँल्याएको छ । यस्ता प्राविधिक सीमाहरूका बाबजुद पनि लोपोन्मुख अवस्थामा पुगेको भाषाका ४०,००० भन्दा बढी शब्दहरूलाई सङ्कलन गरी मानक ग्रन्थको रूप दिनु आफैँमा एक भगीरथ प्रयत्न हो, जसले कोशविज्ञानको क्षेत्रमा नयाँ आयाम थपेको छ ।

**निष्कर्ष**

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित रमानन्द आचार्यद्वारा सम्पादित 'खसिया आखर' शब्दकोश (२०७८) खश भाषाको ऐतिहासिक निरन्तरता र मौलिक क्षेत्रीय पहिचानलाई एकैसाथ प्रमाणित गर्ने एक विशाल र प्रामाणिक ग्रन्थ हो । यस शब्दकोशमा प्रयुक्त शब्द स्रोतहरूको संरचनाले खश भाषाको आन्तरिक शक्ति र बाह्य प्रभावलाई स्पष्ट पारेको छ । शब्दस्रोतका मुख्य चारवटै प्रकारहरूमध्ये तद्भव शब्दको सर्वाधिक ५२.५ प्रतिशत प्रयोगले खश भाषा मुख्य रूपमा आर्य-इरानी परम्पराको जगमा उभिएको तथ्यलाई सिद्ध गरेको छ । त्यस्तै २८.० प्रतिशत देशज शब्दहरूको उपस्थितिले कर्णालीको आफ्नै मौलिक, प्राकृतिक र सांस्कृतिक शब्दसम्पदाको समृद्धि उजागर गरेको छ, जसले आधुनिक मानक नेपालीमा हराउँदै गएका झर्रा शब्दहरूलाई पुनर्जीवन दिएको छ । केवल ७.० प्रतिशत बाह्य आगन्तुक शब्दहरूको न्यूनताले खश भाषाको ऐतिहासिक शुद्धता बचाएको छ र यसलाई बाह्य भाषिक अतिक्रमणबाट सुरक्षित राखेको छ ।

भावी दिशानिर्देशका रूपमा यो शब्दकोशलाई आधार मानेर कर्णाली प्रदेशका स्थानीय तहहरूले मातृभाषामा आधारित स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकहरू निर्माण गर्नुपर्ने देखिन्छ । जसका लागि सिञ्जा गाउँपालिकाले गरेका प्रयासहरू अनुकरणीय छन् । साथै कोशविज्ञानका अन्वेषकहरूले आगामी संस्करणमा व्युत्पत्तिगत सङ्केतहरूलाई अझ बढी वैज्ञानिक र सूक्ष्म बनाउनुपर्ने र खश भाषाका अद्वितीय ध्वनिहरूलाई सम्बोधन गर्न विशेष लिपि वा सङ्केतको विकास गर्नुपर्ने आवश्यकता छ । 'खसिया आखर' शब्दकोश नेपाली भाषाविज्ञान, कोशविज्ञान र खश संस्कृतिको ऐतिहासिक अध्ययनका लागि एक

अपरिहार्य, मानक र मार्गदर्शक ग्रन्थका रूपमा स्थापित भएको छ। यसले खश भाषालाई लोप हुनबाट बचाउने मात्र नभई, सम्पूर्ण नेपाली वाङ्मयलाई नै समृद्ध बनाउने ऐतिहासिक कार्य सम्पन्न गरेको छ।

**सन्दर्भ सूची**


अधिकारी, हेमाङ्गराज (२०६७), सामाजिक र प्रायोगिक भाषाविज्ञान. रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (सम्पा.) (२०६१), प्रयोगात्मक नेपाली शब्दकोश, विद्यार्थी प्रकाशन प्रा. लि. ।

आचार्य, रमानन्द र अन्य (२०७८), खसिया आखर (जुम्ली शब्दकोश). कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय ।

क्रिस्टल, डे. (२००८), अ डिक्सनरी अफ लिङ्गुइस्टिक्स एन्ड फोनेटिक्स (छैटौं सं.). ब्ल्याकवेल पब्लिसिङ।

खनाल, पेशल (२०७४), शैक्षिक अनुसन्धान पद्धति. सनलाइट पब्लिकेसन.

चौलागाईं, प्रेमप्रकाश (२०८२), खसिया आखरको कोशवैज्ञानिक विश्लेषण. मेधा, ८(२), १५-२८. https://www .nepjol .info/index .php/medha/article/view/92601

जगुस्ता, ला. (१९७१), म्यानुअल अफ लेक्सिकोग्राफी. एकाडेमिया पब्लिसिङ हाउस ।

टर्नर, रा. लि. (१९३१), नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिसम्बन्धी शब्दकोश, केगान पोल, ट्रेन्च, ट्रुब्नर एन्ड कम्पनी.

दाहाल, बल्लभमणि (२०३३), नेपाली भाषा र कोश. नेपाली भाषा सङ्गोष्ठी (पृ. २५-४०). नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण. (प्रधान सम्पा.), (२०४०), नेपाली बृहत् शब्दकोश. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

लम्साल, रामचन्द्र (२०५७) कोशविज्ञान र नेपाली कोश. विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्र प्रसाद (२०५८). कोशविज्ञान. प्रस्तुति प्रकाशन ।